# मुक्तिनाथ दर्पण

## अर्धवार्षिक बुलेटिन

♦ २०७१ बैशाख ♦ वर्ष ४ ♦ अंक १



आधुनिक बैंकिङ्ग | ग्रामीण बैंकिङ्ग | लघुवित्त बैंकिङ्ग

एकैसाथ सञ्चालन गर्ने नेपालको पहिलो वितीय संस्था

## मुक्तिनाथ विकास बैंक लिमिटेड
## MUKTINATH BIKAS BANK LIMITED

**केन्द्रीय कार्यालय**
पोखरा-८, पृथ्वीचोक, कास्की, नेपाल
फोन नं.: ०६१-५२२७८६, ५२२७८७
फ्याक्सः ०६१-५३७९५२, ५२४१९२
Email: info@muktinathbank.com.np

**लघुवित्त विभाग**
पोखरा-८, पृथ्वीचोक, कास्की, नेपाल
फोन नं.: ०६१-५३८०३९
फ्याक्सः ०६१-५२४१९२
Email: mfd@muktinathbank.com.np

Website: www.muktinathbank.com.np

# मजदुरीबाट ब्यवसायी सन्तुको साहसी जीवन



✍ अनन्त मान श्रेष्ठ

पर्वत जिल्ला पाखापानी गा.वि.स.मा वि.सं. २०३६ साल श्रावण २९ गते पिताओम बहादुर परियार र माता विवा परियारको ३ छोरा र ५ छोरी गरी ८ सन्तान मध्ये काँहिली छोरीको रूपमा मध्यम परिवारमा जन्म लिएकी सन्तु दर्नालको बाल्यावस्था सुखद नै वितेकोमा परिस्थिति र समयको कारण पढाईलाई एस.एल.सी. भन्दा अगाडी बढाउन सकिनन्। सन्तुको परिवार संख्याको हिसाबले धेरै देखिए पनि माता पिताको स्याहार सुसार एवं घर धान्ने जिम्मा उनको नै थियो। दिदीबहिनीको विवाह भएर गई सकेको र दाजुभाइ पनि आ-आफ्नो सुर गरी बसेकोले बाबु आमाको स्याहार गर्ने जिम्मा उनैको रहयो जसको कारणले पढाईलाई निरन्तरता दिन सकिनन्। सन्तुको पारिवारिक अवस्था र संघर्षको दिन यसरी शुरू भयो भनी सुनाउछिन्। २०५७ साल फाल्गुण ७ गते स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं.३ ग्यामडाँडा निवासी राजकुमार परियारको श्रीमती एवं घरको बुहारीको रूपमा उनको प्रवेश भयो। विहे भए पछि सुखसँग बसौंला एवं पतिको कमाईमा रमाउँला भन्ने सोच त पहिले नै थिएन र त्यो अवस्था विहे गरिसके पछिको समयमा पनि भएन, तर पनि सासू ससुरा र परिवारको सदस्यको ब्यवहार राम्रे रहेको र परिवारबाट पनि पढे लेखेको मान्छे गाउँमा कुटो कोदालो गर्न भन्दा बजारमा गई अवसर खोजी गरेर भविष्य सुखमय बनाउन दिएको सल्लाह र प्रेरणालाई भुल्न सक्दिन भनी सासू ससुराको त्यतिबेलाको सुझावलाई एकपटक सम्झिन्छिन्। त्यही सुझाव र सल्लाहलाई मनन् गरी श्रीमान्को साथ लागेर वि.स. २०५८ माघमा पोखरा आईन्।



विहे गरेको एक वर्ष भित्र श्रीमान् सहित अवसरको खोजीमा शहर पसेकी सन्तुसँग हातमा परम्परागत र जातीयगत रूपमा अँगाल्दै आएको सिलाईको केही ज्ञान भए पनि शहरको परिवेश अनुसारको विभिन्न डिजाइन सम्बन्धी ज्ञान र सीपमा कमी रहेको थियो। यसै क्रममा श्रीमान्ले ग्यारेजमा मासिक रू १,५००।- तलब पाउने गरी काम पाइन् तर मासिक कोठाभाडा रू १,०००।- तिरी रू ५००।- ले परिवार चलाउनुपर्ने अवस्था सृजना भयो। यसरी श्रीमान्को कमाईले मात्र परिवार चलाउन गाह्रो भएको महसुस गरी आफू पनि कमाई गर्ने सोचले काम खोज्न तिर लागिन् र केही समय काम खोज्दै गर्दा उषा तमु टेलर्समा सिलाई सम्बन्धी काम पाइन्। त्यहाँ एक वर्ष जति काम गरिन् जुन बेला एउटा ब्लाउज तयार गरेको रू. १२ देखि रू. १५ सम्म मात्र पाउने गर्थिन्। यसरी जेनतेन दैनिक आठ घण्टाको दरले काम गर्दा मासिक रू. २,०००।- कमाउन सफल हुने गरेको बताउँछिन्। उनको कमाई र श्रीमान्को कमाईले त्यति बेलाको समयमा दुई जनाको परिवारको दैनिक विहान बेलुकाको गर्जो टार्न सहजै हुने गरेको बताउँछिन् र त्यो बेला र अहिलेको समयसँग तुलना गर्दै धन्य रहेछु अहिलेको त्यति कमाईले त कोठा भाडा पनि तिर्न पुग्थेन भन्छिन्। उषा तमु टेलर्समा काम गरेको एक वर्ष पछि आफ्नै माइला ससुराको लेदर गार्मेण्टमा काम गर्न शुरू गरिन् एवं श्रीमान्ले पनि पहिला काम गरेको ग्यारेज परिवर्तन गरी अर्को ग्यारेजमा काम शुरू गरे जहाँ श्रीमान्लाई पहिले भन्दा मासिक तलब रू. १,०००।- बढी थियो। लेदर गार्मेण्टमा काम गर्दा शुरूमा काम नजाने पनि विस्तारै सिक्दै गर्दा काममा निपूर्णता हुदै आयो र यसरी गार्मेण्टमा दैनिक आठ घण्टा काम गर्दा मासिक रू. ६,०००।- जति जेनतेन कमाई हुने गरेको र त्यही गार्मेण्टमा सात वर्ष जति काम गर्दै आएकोमा पछिल्लो तीन वर्ष देखि आफै ब्यवसाय शुरू गरेको सुनाउँदै मुहार हसिलो बनाईन्। दुःखको दिन सम्झदा अझै पनि मुटु भक्कानिएर आउने गर्छ जुन बेला गर्भमा बच्चा रहेको, पौष्टिक आहारको आवश्यकता पर्ने बेलामा आधापेट र भोकै बसी गुजारा गर्दा कति पिडा भएको थियो होला भन्दै एकछिन् टोलाउँछिन्। त्यो दिन सम्झँदा आफैलाई सम्हाल्न नसकी एकछिन एक्लै बसी मनलाई शान्त बनाउने गर्छु भनी सुनाउँछिन्।

यसरी गार्मेण्टमा काम गर्दै गर्दा वि.स.२०६६ साल तिरको कुरा हो दिदिबहिनीले लौ मुक्तिनाथ विकास बैंक लि. ले आपसमा मन मिलेको पौरखी र जाँगरिला महिलाको समूह बनाई विना धितो ऋण दिन्छ रे भन्ने गाँईगुई गरेको सुनिन् र दिदीबहिनीसँग आफूलाई पनि समूहमा राख्न अनुरोध गर्दै समूह प्रवेश पूर्व सम्बन्धी ७ दिने तालिम लिइन् जुन तालिममा बैंकको नीति नियम, सामूहिक दायित्वबोध, काम कर्तब्य, ऋणको परिचालन र बचतको महत्वको बारेमा बुझाउने गरिएको थियो। समूहमा समावेश भई १० जनाको केन्द्र निर्माण गरिन्। त्यसै ताका प्रथम कर्जा स्वरूप रू बीसहजार ऋण पनि निकालिन् र उक्त रकमले एक वटा सिलाई मेशिन, १ वटा इन्टरलक मेशिन खरिद गरी कोठामा नै राखिन् जुन बेलामा छुट्टै ब्यवसाय गर्नको लागि पुर्जीको पर्याप्तता थिएन। त्यो बेला दिनमा गार्मेण्टमा र साँझ आफ्नै कोठामा सिलाईको काम गरी कर्जा चुक्ता गरिन्। यसै क्रममा रू बीसहजारबाट सबै खर्च तथा कर्जा चुक्ता (साँवा तथा ब्याज) गरेर पनि रू. २०,०००/- थप कमाउन सफल



"अध्ययनले मानिसलाई पूर्ण बनाउँछ, छलफलले तत्परता र लेखाईले ठीक जस्तो हुनुपर्छ त्यस्तै बनाउँछ।"

भएको भनी खुशी हुदै थप आँट र साहस थपिएको महशुस गरी केही गर्न खोजे त पूँजीनै किन चाहिने रहेछ र इमान र विश्वास भए त बाटो त्यसै खुल्दो रहेछ भन्छिन् ।

पहिलो कर्जा रू. २०,०००।- बाट शुरू गरेकी सन्तुले पाँच पटक साधारण कर्जा र अन्य कर्जा गरी हालसम्म रू. २,९०,०००।- कर्जा परिचालन गरिसकेको र समूहमा मात्र कूल बचत रू. २७,३५१।- गरिसकेको हिसाब सुनाउँछिन् । जुन कर्जा रकमले विगत तीनवर्ष देखि दर्जाल कुर्था कलेक्सन सेन्टर खोली थान कपडा तथा मेशिन थप गरी तीन जनालाई रोजगार दिनुको साथै व्यवसाय बढाईरहेको र हाल व्यवसायमा चालू पूँजी ३ लाख जति रहेको सुनाउँछिन् । उक्त व्यवसायमा मासिक सटर भाडा रू. ५,०००।- कालीगढलाई मासिक रू. २५,०००।- सिलाई



डिजाइन अनुसार प्रति पिसको दरले भुक्तानी गर्दा हुने र दुई सन्तान मध्ये एक छोरा ११ वर्षे र एक छोरी ८ वर्षकोलाई बोर्डिङ्ग पढाउदा लाग्ने मासिक रू. ७,०००।- र घर खर्च (दैनिक खाद्यान्न, मनोरञ्जन, सञ्चार लगायत अन्य) गरी रू १० हजार गरी जम्मा मासिक खर्च रू. ४७,०००।- व्यवसायबाटै गरी खुद मूनाफा प्रति महिना न्यूनतम रू. १५,०००।- को दरले हुने गरेको सुनाउँछिन् ।

यसै क्रममा वि.सं. २०६४ सालमा श्रीमान्लाई बैदेशिक रोजगारको शिलशिलामा आफैले जानेको पेशा मिस्त्री एवं चालकको रूपमा साउदी अरबमा रू. १,४०,०००।- ऋण गरेर पठाएकोमा विदेश गएको ऋण पनि चुक्ता भई सकेकोले श्रीमान्को कमाई र आफूले यही बसी कमाएको रकमले पोखरामा नै जग्गा जोडी घर बनाउने सपना पनि देखेको सुनाउँछिन् । सधैं श्रीमान्लाई विदेश नपठाउने सोच गरेकी उनले शरिरले सक्दासम्म अर्काको देशमा रहने अनि बल सकिए पछि आफ्नो देशमा फर्केर भोली दुःख पाईने भएकोले पछि श्रीमान्लाई पनि यतै बोलाईसँगै व्यवसाय सञ्चालन गर्ने उनको योजना छ । व्यवसाय गर्दा छोराछोरीले पनि यही व्यवसायलाई निरन्तरता दिन सकुन् भन्ने इच्छा राख्छिन् । आज मलाई मेरो संघर्ष र मजदुरी गरेर जिविकोपार्जन गर्ने गरेको अवस्थाबाट एक सफल उद्यमी बनाउन भूमिका खेलेकोमा मुक्तिनाथ विकास बैंकलाई धन्यवाद दिंदै अरू धेरै दिदीबहिनीहरूको सत्मार्ग बनोस् भन्ने कामना गर्छु भन्दै न्यून आय भएका इलमी दिदीबहिनीहरूको लागि मुक्तिनाथ बैंक देवता सरह नै रहेकोले अन्य फजुल समय बिताई श्रीमान्को कमाईमा रमाउने दिदीबहिनीलाई त्यसो नगरी आफ्नै ठाउँमा इलम गर्न र श्रीमान्लाई पनि साथै राखी सुख दुःखमा एक अर्काको भरोसा बनी काम गर्न सुझाउँछिन् । सन्तुको जीवनबाट गरे के नहुँदो रहेछ भन्ने नमूना बनेकी छिन् ।

## मुक्तिनाथ विपन्नहरूको साहारा बनिदिएको छ



✍ शुशिला खनाल

खेतको आली बनिदिएको छ ।
मुक्तिनाथ विकास बैंक ॥
सर्वहारा वर्गहरूको माली बनिदिएको छ ।
मुक्तिनाथ विकास बैंक ॥

बेलाबेलामा आयमूलक तालिम दिएको छ ।
मुक्तिनाथ विकास बैंक ॥
आर्थिक संकट पर्दा बाटो फुकाईदिएको छ ।
मुक्तिनाथ विकास बैंक ॥

दुःखबाट मुक्ति दिएको छ ।
मुक्तिनाथ विकास बैंक ॥
पैसा कमाउने जुक्ति दिएको छ ।
मुक्तिनाथ विकास बैंक ॥

सुत्केरीमा राहत दिएको छ ।
मुक्तिनाथ विकास बैंक ॥
मर्दापर्दा सहारा बनिदिएको छ ।
मुक्तिनाथ विकास बैंक ॥

दुःखी एवं असाहाय महिलाहरूको माईती बनिदिएको छ ।
मुक्तिनाथ विकास बैंक ॥
आलो घाउमा लगाउने मल्हम बनिदिएको छ ।
मुक्तिनाथ विकास बैंक ॥

केन्द्र नं. ४४८१
पोखरा-१२, लालीगुराँस टोल
इकाई कार्यालय, काँहुखोला



“अर्काको दोष भन्दा गुण खोज्ने मानिस धन्य हुन्छ ।”

# तालिम तथा गोष्ठी

## कर्मचारी तालिम तथा गोष्ठी

मुक्तिनाथ विकास बैंकले कर्मचारीको क्षमता अभिबृद्धि गर्ने उद्देश्य अनुरूप समय समयमा कर्मचारीहरूलाई विभिन्न प्रकारका तालिम, गोष्ठी तथा अध्ययन भ्रमणहरूमा सहभागी गराउदै आएको छ । २०७० साल कार्तिक देखि चैत्र मसान्तसम्म गरिएको मुख्य कार्यक्रम यस प्रकार रहेका छन् ।

१) **CMF Nepal** र मुक्तिनाथ विकास बैंकको संयुक्त आयोजनामा मिति २०७०/०९/०९ देखि ११ गतेसम्म सन्चालित **Social Performance Management** तालिममा यस बैंकका सञ्चालक समितिका सदस्य, प्रमुख कार्यकारी अधिकृत, लघुवित्त विभागमा कार्यरत ११ जना कर्मचारीहरू र डेस्क/उपशाखा/इकाई कार्यालयहरूका कार्यालय प्रमुखहरू जम्मा २५ जना सहभागी हुनुभएको थियो ।

२) रूरल माईक्रोफाईनान्स डेभलपमेन्ट सेण्टर लि. द्वारा सञ्चालित **"The Manager as Coach"** तालिममा काँहुखोला इकाई कार्यालयका प्रमुख श्री दिनेश शर्मा, गल्याङ्ग डेस्क कार्यालयका प्रमुख श्री रामचन्द्र लामिछाने, दूलेगौडा डेस्क कार्यालयका प्रमुख श्री असराज खनाल सहभागी हुनुभएको थियो ।

३) National Banking Training Institute (NBTI) को आयोजनामा मिति २०७०/०९/२० देखि २३ गते सम्म दाङ घोराहीमा सञ्चालित **"वित्तीय साक्षरता प्रशिक्षक प्रशिक्षण"** तालिममा कार्यालयका प्रमुखहरू श्री खगेन्द्र तिम्सिना, श्री एकराज भुसाल, श्री कृष्ण प्रसाद रेग्मी र श्री लक्ष्मी थापा सहभागी हुनुभएको थियो ।

४) Habitat for Humanity International Nepal ले २०७०/१०/१२ देखि १३ गते सम्म पोखरामा आयोजना गरेको "Meaningful Life through Housing" **Orientation** कार्यक्रममा यस बैंकका लघुवित्त विभाग केन्द्रीय कार्यालयका सम्पूर्ण कर्मचारी तथा सबै डेस्क/उपशाखा/इकाई कार्यालय प्रमुखहरू सहित ३५ जना सहभागी हुनुभएको थियो ।



# आउ मुक्तिनाथ तिमी



✍ पूर्णिमा वि.क.

शुभ कामनाको वहार बोकी ।
आउ मुक्तिनाथ तिमी ।।
हाम्रो शहर वजार देखि गाउँ गाउँ ।
खुशी र उमंग छर्दै देशै भरी ।।
निर्मल पारीदेउ विपन्न अनी गरिवीको नाँऊ ।।।

डाँडा पाखा घरआँगनमा सुस्केरा हाल्दै ।
आउ मुक्तिनाथ तिमी ।।
दुर्गम गाउँमा निदाई राखेका जनतालाई ।
बिउँझाईदिन आउ मुक्तिनाथ तिमी ।।
स्वागत छ तिमीलाई ।।।

चैतको खरेडीमा बादल बनी ।
आउ मुक्तिनाथ तिमी ।।
गरिवीले उकुशमुकुस भएका छौं ।
शितलताको वहार लिएर ।।
आउ मुक्तिनाथ तिमी ।।।

डगमगाई राखेका यी पाइलाहरूलाई ।
सफलताको शिखर टेक्न ।।
सिकाई देउ मुक्तिनाथ तिमी ।
स्वाभिमानी भै बाँच्न सिकाई देऊ ।।
आउ मुक्तिनाथ तिमी ।।।

पुष माघको घाम बनी ।
तारा दिन आयौ मुक्तिनाथ तिमी ।।
बेरोजगारले बाच्ने आधार थिएन ।
लघु कर्जा दिएर ।।
बाच्ने साथ दिन आयौ मुक्तिनाथ तिमी ।।।

कलकल गर्ने खोला जस्तै ।
अविरल बगीदेऊ मुक्तिनाथ तिमी ।।
नरहुन कोही भोका नाङ्गा अनी प्यासी ।
तिम्रै महिमा गाउने छन् ।।
गरिव जनता अनि देश बासी ।।।

केन्द्र नं. २९१४
साझा मुक्तिनाथ महिला विकास केन्द्र
दमौली शाखा

५)  बैंकले लघुवित्त बिभाग अन्तरगर्तका लेखापालहरूको दक्षता अभिबृद्धिको लागि २०७० साल माघ २४ देखि २७ गते सम्म कृषिअनुसन्धान केन्द्र लुम्ले कास्कीमा आयोजित ४ दिने **आधारभूत लेखा तालिम तथा बार्षिक लक्ष्य पुनरावलोकन गोष्ठी**मा २५ वटा डेस्क/इकाई/उपशाखाका लेखापालहरू सहभागी हुनुभएको थियो ।



६)  Habitat for Humanity International Nepal ले २०७० फाल्गुण ८ र ९ गते विराटनगरमा आयोजना गरेको Bi-Annual Partners' Review Meeting मा यस बैंकका कर्जा विभाग प्रमुख श्री प्रेम थापा र मानव संसाधन तथा सञ्चालन इकाई प्रमुख श्री विश्वराज घिमिरे सहभागी हुनु भएको थियो ।

## सदस्य तालिम

उचित सीपको अभावमा रहेका महिला दिदीबहिनीहरूलाई आफ्नो सीप तथा पसिना खर्चेर स्वाभिमानपुर्वक आत्मनिर्भर भई आयआर्जन र स्वरोजगार सिर्जना गरी आर्थिक रूपमा सवल तथा सक्षम बन्नमा थप टेवा पुऱ्याउनको लागि बैंकले लघुवित्त कार्यक्रम पैसाको लेनदेन मात्र होईन सीप र सिर्जनालाई अगाडि बढाउन पनि सहयोगी बन्न सक्छ भन्ने उद्देश्यका साथ विभिन्न किसिमका आयमूलक तथा सीपमूलक तालिममा सहभागी गराउँदै आएको छ । २०७० कार्तिक देखि चैत्र मसान्तसम्म गरिएका मुख्य कार्यक्रमहरू यस प्रकार छन् ।

१)  उपशाखा कार्यालय विरूवाको आयोजनामा कृषि कार्यालय विरूवामा मिति २०७० फाल्गुण १ देखि २ गते सम्म सञ्चालित तरकारी खेती तालिममा ४५ जना महिला सदस्यहरूको सहभागीता रहेको थियो ।

२)  **Saving Banks Foundation For International Cooperation (SBFIC)** र फर्स्ट माईक्रोफाइनान्स डेभलपमेन्ट बैंकको प्राविधिक सहयोग र मुक्तिनाथ विकास बैंकको संयुक्त आयोजनामा मिति २०७०/०८/१० र १२ गते पोखरामा सञ्चालित **"Entrepreneurs Day-2013"** मा यस बैंकमा आबद्ध पोखरा आसपासका १०० जना सफल उद्यमी ब्यवसायी सदस्यहरू सहभागी हुनु भएको थियो ।



३)  उपशाखा कार्यालय अर्जुनचौपारीको आयोजनामा कृषि कार्यालय अर्जुनचौपारीमा मिति २०७० फाल्गुण ४ देखि ६ गते सम्म सञ्चालित वेमौसमी तरकारी खेती तालिममा १३ जना महिला सदस्यहरूको सहभागीता रहेको थियो ।



४)  उपशाखा कार्यालय फेदीखोलाको आयोजनामा सिद्धार्थ उच्च मा.वि. फेदीखोलामा मिति २०७० फाल्गुण ८ देखि १२ गते सम्म सञ्चालित मुढा बनाउने तालिममा २३ जना महिला सदस्यहरूको सहभागीता रहेको थियो ।

५)  उपशाखा कार्यालय हेम्जाको आयोजनामा हेम्जा गा.वि.स भवनमा मिति २०७० चैत्र ३ गते सञ्चालित मैनबत्ती बनाउने तालिममा ३२ जना महिला सदस्यहरूको सहभागीता रहेको थियो ।

६)  डेस्क कार्यालय पुतलीबजारको आयोजनामा उद्योग वाणिज्य संघको सभा हलमा मिति २०७० फाल्गुण २८ देखि ३०



"आत्म विस्वास दृढ हुनेले नै सफलता प्राप्त गर्दछ।"

गते सम्म सञ्चालित अगरबत्ती बनाउने तालिममा ४० जना महिला सदस्यहरूको सहभागीता रहेको थियो ।



७) इकाई कार्यालय छोरेपाटनको आयोजनामा छोरेपाटन टोल सुधार समितिको भवनमा मिति २०७० चैत्र ४ देखि ६ गते सम्म सञ्चालित बेमौसमी तरकारी खेती तालिममा ३२ जना महिला सदस्यहरूको सहभागीता रहेको थियो ।



८) डेस्क कार्यालय बयरघारीको आयोजनामा सिमलचौर आमा समूह बयरघारीको भवनमा मिति २०७० चैत्र २६ देखि २८ गते सञ्चालित बेमौसमी तरकारी खेती तालिममा २४ जना महिला सदस्यहरूको सहभागीता रहेको थियो ।

९) डेस्क कार्यालय डुम्रेको आयोजनामा हरिहर आमा समूहको भवन डुम्रेमा मिति २०७० चैत्र २७ देखि २८ गते सम्म सञ्चालित गाइभैंसीपालन तालिममा ३० जना महिला सदस्यहरूको सहभागीता रहेको थियो ।

उपरोक्त तालिममा सहभागी सदस्यहरूले तालिमबाट सिकेका ज्ञान, सीप ब्यवहारमा ल्याई आम्दानी बृद्धि गर्न प्रतिवद्धता ब्यक्त गर्नुभएको छ ।

**नव वर्ष २०७१ सालको पावन अवसरमा हाम्रा समस्त ग्राहक र शुभचिन्तकहरुको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।**

मुक्तिनाथ विकास बैंक लि.
परिवार

## आ.ब. २०७०/७१ को केन्द्र प्रमुख गोष्ठी सम्पन्न

बैंकको लघुवित्त कार्यक्रममा आबद्ध सदस्यहरूको सहभागीतामा कार्यक्रम बारेमा ग्राहक सदस्यहरूसँग सुझाव र गुनासोहरूको संकलन गरी आफ्नो रणनीति र योजनामा सुधार ल्याउने सदस्यहरूमा वित्तीय अनुशासन, कर्जाको उपभोग, नियमित भुक्तानी, केन्द्रका गतिविधि तथा कार्यक्रममा थप गुणस्तरियता ल्याउने, सदस्यहरूको क्षमता अभिबृद्धि गर्ने र परिवर्तित नीति नियमको बारेमा जानकारी गराउने उद्देश्यले बार्षिक रूपमा केन्द्र प्रमुख गोष्ठी गर्दै आएको छ । यसै अनुरूप वार्षिक रूपमा सञ्चालन गर्दै आएको केन्द्र प्रमुख गोष्ठी २०७० फाल्गुण १० गतेबाट शुरू भई चैत्र १५ गते सम्पन्न भएको छ ।



गोष्ठीमा लघुवित्त विभाग अन्तरगतका २१ वटा कार्यालयहरूबाट २ हजार ७ सय ७ जना केन्द्र प्रमुख/उपप्रमुखको उत्साहजनक सहभागीता रहेको थियो । गोष्ठीमा सहभागी केन्द्र प्रमुख/उपप्रमुखहरूले विभिन्न विषय माथि जिज्ञासा, सुझाव र माग राख्नुभएको थियो भने बैंकका प्रतिनिधिहरूले जिज्ञासाको समाधान गर्दै सुझाव र मागहरू आगामी दिनमा सम्बोधन गर्दै जाने प्रतिबद्धता ब्यक्त गर्नुभएको थियो ।

## बैंकको नयाँ शाखा विस्तार

मुक्तिनाथ विकास बैंकले २०७० साल कार्तिक २४ गते देखि पोखरा चिप्लेढुङ्गामा र २०७० फाल्गुण १९ देखि भैरहवा गल्लामण्डीमा शाखा स्थापना गरी लघुवित्त सेवा समेत सञ्चालनमा ल्याएको छ । यसै गरी सीघ्र खोलिने नयाँ सीमित बैंकिङ कार्यालयहरू:- **चितवन**: पार्वतीपुर र खोलेसिमल, **नवलपरासी**: डेढगाँउ, गिरूवारी र गोपीगंज, **रूपन्देही**: रामापुर कलोनी र रूद्रपुर, **पाल्पा**: ताँहू र सरही, **गुल्मी**: रीडीमा आफ्नो कार्यालय विस्तार गरी वित्तीय सेवा प्रवाह गर्ने योजना रहेको छ ।

# लघुवित्त कार्यक्रम र वित्तीय साक्षरता



✍ कृष्ण प्रसाद रेग्मी

गरिबी निवारणको एक उत्तम विकल्पको रूपमा रहेको लघुवित्त कार्यक्रम नेपालका सुविधायुक्त शहर तथा जिल्ला सदरमुकाम र सोको आसपासको ग्रामीण भेगमा मात्र सीमित रहेको छ ।

नेपालमा शान्ति स्थापना पश्चात लघुवित्त संचालन गर्ने बैंक तथा वित्तीय संस्थाहरूको संख्यामा उल्लेख्य बृद्धि भएको छ । शहरमा बस्ने जनताले एक भन्दा बढी संस्थाहरूबाट सुविधा लिईरहेका छन् भने ग्रामीण तथा दुर्गम जिल्लाहरूमा बैंक तथा वित्तीय संस्थाको बारेमा नामै नसुनेका जनताहरू पनि छन् ।

नेपाल विश्वको गरिब राष्ट्र मध्येको एक हो । यहाँ धेरै गरिब, विपन्न र वेरोजगार जनताहरू रहेका छन् । नेपालमा कृषि, पर्यटन र जलश्रोतबाट उत्पादनको प्रचुर सम्भावना छ तर उत्पादन छैन । रोजगारीका प्रशस्त बाटाहरू छन् तर बेरोजगारी बृद्धि छ । आवश्यक जनशक्ति छ तर बिदेश पलायन भएको छ। दैनिक लाखौं रेमिटान्स भित्रिएको छ । दैनिक उपभोगमा खर्च भएको छ । यी सम्भावना भित्र देखिएका चुनौतीहरूलाई हटाई एक समृद्ध नेपाल निर्माण गर्न हरेक जनतामा वित्तीय साक्षरता कार्यक्रम पुग्न सकेमा सायद अनुत्पादक रूपमा प्रयोग भई रहेको पूँजी उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सकिने छ । लघुवित्त कार्यक्रम विस्तारको क्रममा बैंकहरूले आफ्नो सेवा, नीतिगत कुराहरू आफ्ना ग्राहक सदस्यहरूलाई जानकारी गराउने क्रममा पनि एक परिवारको एक सदस्यलाई थोरै मात्रमा भएपनि वित्तीय रूपमा साक्षर बनाउन मद्दत गरेको छ ।

लघुवित्त कार्यक्रमको उद्देश्य महिलाहरूलाई आय-आर्जन बृद्धि गर्न उत्प्रेरित गरी आत्मनिर्भर बनाउने र परिवारको आर्थिक रूपान्तरण गरी सवल बनाउनु हो। यसका लागि उनीहरूलाई स-साना कर्जाहरू बिनाधितो लगानी गरेर आय-आर्जन बृद्धि गर्न मद्दत गर्नु, लगानीका सम्भावित अवसरहरू देखाउनु र कार्य गर्न प्रोत्साहन गर्नु हो । यसरी हेर्दा लघुवित्तमा गरिएको सानो लगानीले परिवार पाल्न, औषधी उपचार गर्न, बालवालिकालाई शिक्षा प्रदान गर्न तथा भविष्यको लागि केही रकम बचत गर्न सक्ने अवसर प्रदान गर्न सक्छ। यसरी सानो लगानीबाट गरिएको व्यवसायमा कम जोखिम हुन्छ र बढी नाफादायक हुन्छ । साना व्यवसाय सञ्चालन खर्च पनि कम हुन्छ । व्यवसाय जोखिममा परेमा ठूलो लगानी गर्ने व्यक्ति उठ्नै नसक्ने गरी डुब्न सक्छन् भने सानो व्यापारीले व्यवसायको प्रकृति बदलेर मौसम अनुसारको सानो व्यवसाय सजिलै अँगाल्न सक्छन् । यसरी मानिस सफल हुन स-सानावस्तु तथा सामाग्रीको उत्पादन गरेर कम जोखिममा बढी नाफा कमाउन सकिन्छ ।

साना व्यवसायहरू जस्तैः

- गाई, भैसीपालन गरी दुध, दही, घिउ, कुरौनी, पनिर, छुर्पि जस्ता दुधजन्य खाद्य पदार्थको व्यापार ।
- बाख्रा, बंगुर, माछा, कुखुरापालन जस्ता पशु तथा पंछीपालन व्यवसाय ।
- सानो लगानीबाट खोलिएका खुद्रा पसल, खाजा घर, तरकारी पसल, चिया पसल, मासु पसल, कस्मेटीक, फैन्सी, व्यूटिपार्लर पसल ।
- फलाम खरिद गरी चक्कु, आँसी, बन्चरो जस्ता हतियारहरू निर्माण गर्ने व्यवसाय ।
- आलु, तरूल, सखखर, पिडालु, जस्ता खाद्यान्न उत्पादन तथा बिक्री ।
- कागती, सुन्तला, जिमिर, भोगटे, अम्वा, नासपती, स्याउ, अनार जस्ता फलफूल खेती र सोको बिक्री वितरण ।
- अम्रिसो खेती, स्टेभिया, एलोभेरा बेमौसमी तरकारी तथा मसलादार अदुवा, बेसार, खुर्सानी, अलैची जस्ता आयुर्वेदिक जडीबुटी र नगदे बालीको खेती ।
- झोला तथा कपडा बुन्ने, गलैचा बुन्ने, मुढा बनाउने, अगरबत्ती बनाउने, मैनबत्ती बनाउने तथा अन्य हस्तकलाका सजावटका सामानहरू बनाउने कार्य ।
- ठेला, डोको जस्ता हिडडुल गरी गर्न सकिने व्यवसाय अन्तरगत साग-सब्जी, चना-चटपट, तरकारी तथा फलफूलहरूको व्यवसाय ।

माथि उल्लेखित व्यवसायबाट उत्पादन तथा बिक्री वितरण गरी कम लगानीबाट मनग्य आम्दानी लिन सकिन्छ । त्यसैले नेपालमा गरिवी न्युनीकरण गर्न हरेक ग्रामीण तथा विपन्न परिवार र बैंकिङ्ग पहुँच नपुगेको बस्तीमा वित्तीय सेवा पुर्‍याउनुपर्ने आवश्यकता देखिएको छ । हाम्रो समाजमा कर्जा लिनुलाई नकारात्मक रूपमा लिईन्छ । पूँजी नभएको वा पूँजी कम भएका व्यक्तिले कर्जा लिएर कर्जाको लागत भन्दा बढी नाफा गर्न सक्दछन् भने कर्जा लिनु नराम्रो अवश्य पनि होईन । आफूले दुःख गरेर जोडेको धन सुरक्षित गर्न, लगानीबाट मुनाफा आर्जन गर्ने योजना बनाउन, आम्दानी र खर्चलाई विश्लेषण गर्न सक्नु पर्छ । वैदेशिक रोजगारीमा घर खेत बन्धक राखी वा ऋण सरसापट गरी पैसासँग आफ्नो रगत पसिना र जवानी साटेका छन् । यसरी कमाएको धन घर परिवारले सुरक्षित वित्तीय संस्था छानेर बचत गर्न, उत्पादनमूलक ठाँउमा लगानी गर्न वित्तीय साक्षरताको महत्वपूर्ण भूमिका रहेको हुन्छ। जबकुनै व्यक्ति वित्तीय रूपमा साक्षर हुन्छ तब मात्र उक्त व्यक्तिले पैसा र कमाईको बारेमा विवेकपूर्ण निर्णय गर्न सक्दछ। यसले हरेक व्यक्तिलाई वित्तीय रूपमा पनि विवेकी बनाउदछ। हामीले सोचेजस्तो समृद्ध नेपाल निमार्णमा

पनि वित्तीय साक्षरता एक महत्वपूर्ण पक्षको रूपमा रहेको छ। बैंक तथा वित्तीय संस्थाहरूले वित्तीय साक्षरतालाई अभियानको रूपमा सञ्चालन गर्न सकेमा ग्राहकको उन्नती र प्रगतिमा ठूलो मद्दत पुग्न जानेछ जुन आजको आवश्यकता पनि हो।

- उप-शाखा प्रमुख, जुग्ले

## खराब ऋणी र यसले पार्ने प्रभाव



✍ रेशम न्यौपाने

मुक्तिनाथ विकास बैंक लि. लघुवित्त इकाई कार्यालय अर्घौबाट रमन थापाको श्रीमती निकीता थापालाई बेकरी पसलको लागि मिति २०७०/०४/१५ गते रू. २,००,०००/- लगानी गरिएको थियो। निज सदस्यले सो लगानीबाट बेकरी पसल उद्घाटनमा निमन्त्रणा दिनुभयो । लगानी गरिएको कर्जाबाट व्यवसाय शुरू भई कर्जा सदुपयोग भएको कारण खुशी पनि लाग्यो । भाद्र महिनाको किस्ता बुझाउने समय भयो । किस्ता रकम श्रीमतीसँग पठाउनु पर्नेमा पसलमा नै रकम दिन्छु भनी रमनजीले फोनबाट जानकारी गराउनु भयो । पसल पनि नजिकै भएको कारण हाम्रो कार्यालयमा कार्यरत एक कर्मचारी साथीलाई किस्ता लिन पठाउदा पसलमा उहाँ भेटिनु भएन । रमनजीलाई फोन गर्दा म किस्ताको ब्यवस्था गर्दैछु भन्नु भयो र बिहान ९ बजे आउनु पर्ने किस्ता दिउसो २ बजे मात्र ल्याउनु भयो। पहिलो किस्तामा नै रमनजीको ब्यवहार देखेर मलाई शंका लाग्न थाल्यो । कतै पसल हेर्दा मात्रैको पो हो कि ? उहाँको व्यवहार बिग्रेको जस्तो लाग्यो मलाई। त्यो बाटो जाँदा आउँदा सधैं उहाँको पसलमा नजर लगाउँथे । उहाँको आनीबानी, ब्यवहार, ब्यापार बारेमा नजानिदो गरी बुझ्ने क्रम बढाए। उहाँको पसलमा आफू नबसी आठ कक्षा पढ्ने छोराको भरमा पसल छोडेको पाँए। पसलमा ल्याएको फ्रिज पनि किस्तामा ल्याएको रहेछ। किस्ता नतिरेको कारण हप्ता दिन पछि फ्रिज पनि फ्रिज दिने किस्ता वालाले लग्यो । असोज महिनाको हाम्रो बैंकको किस्ता आयो । केन्द्र बैठकमा श्रीमान् श्रीमती दुबैजना आउनु भयो र रकमको ब्यवस्था गर्दैछु आज बचतबाट मिलाई दिनु भन्नुभयो । भोलिपल्ट किस्ता रकम बुझाउने शर्तमा उहाँको बचत फिर्ता गरी किस्ता मिलाईयो । भोलि पल्ट ल्याउने भनेको किस्ता पनि ल्याउनु भएन। अब उहाँको अवस्था नाजुक भएको भन्ने लाग्यो। उहाँलाई कसरी सहयोग गरी समाधानका बाटा पहिल्याउन सकिन्छ उपायको खोजीमा लाग्यौं।

पसलमा टासी वाहेक केही थिएन। श्रीमान् वेपत्ता भईसक्नु भएको रहेछ। म उहाँको घरमा गए। घरमा निकिता मात्र हुनु हुन्थ्यो। मैले सोधेंः खै त दाई ? “खै कता हो कता घरमै आउनुहुन्न।” भन्ने जवाफ दिनु भयो। म निराश भई फर्कें। कार्तिक महिनाको किस्ता असूल गर्ने बेला आयो। एक महिना भित्र पैसा नआए दामासाहीले सम्पूर्ण सदस्यले तिर्ने शर्तमा एकजना सदस्यले पुरै किस्ता राखी दिनु भयो। उहाँको छिमेकीहरूसँग सल्लाह गर्दा ससुरालीमा गएपछि केही उपाय लाग्न सक्ने बताईदिनु भयो। ससुरालीको घर दमौलीमा रहेछ । तिहारको विदाको अघिल्लो दिन रमनजीको घरमा जांदा माईतीघरमा जान आमा छोरा ठिक्क पर्नु भएको रहेछ। मैले बैंकको किस्ताको बारेमा कुरा गरे पछि निकिताजीले पनि हुन्छ माईतीमा गए पछि केही सहयोग पाईन्छ कि भन्ने कुरा गर्नु भयो र उहाँको माईतीघरको स्थान परिचय लिएर दिउँसो त्यहाँ आउने जानकारी गराए। निकिताजीको भाइसँग भेट भयो। मैले भिनाजुसंग सम्पर्क गरी व्यवहार मिलाउने कोशिस गर्छु यदि उपाय लागेन भने मैले केही व्यवस्था गरौंला भनी आश्वासन दिनु भयो र म फर्के। तिहार पछि पुनः म रमनजीको घरमा गए। रमनजीसंग भेट भएन तर उहाँ रातिमा घरमा आउने र विहान अंध्यारैमा लुक्न बाहिर जाने गर्नु हुँदो

## बैंकको प्रगति विवरण

### (२०७० चैत्र मसान्तसम्मको विवरण)

| सूचकहरु | बैंकिङ्ग तर्फ | लघुवित्त तर्फ | कुल |
|---|---|---|---|
| कार्यालय संख्या | २० | २६ | ४६ |
| बचत कर्ता संख्या | ६२,०४७ | ५४,२०८ | १,१६,२५५ |
| ऋणी संख्या | ४,५४१ | ३७,८४४ | ४२,३८५ |
| लगानीमा रहिरहेको कर्जा रू. | २,९७,०५,६८,६७१ | १,०८,०४,८०,९०९ | ४,०५,१०,४९,५८० |
| बाँकी निक्षेप/बचत रू. | ३,९३,२६,०८,५४९ | ६१,९६,२३,३११ | ४,५५,२२,३१,८६० |
| कर्मचारी संख्या | २१३ | १६३ | ३७६ |
| समेटेको गा.वि.स/न.पा. | | १९७ | १९७ |



“ढिला भयो भन्नु भन्दा बेला भयो भन्नु उपयुक्त हुन्छ ।”

रहेछ । तर म उहाँको घरमा जाने र भेट्ने प्रयासबाट कहिल्यै पनि हरेस खाईन । एकदिन संयोगले विहान १० बजे उहाँलाई घरमै भेट्न सफल भए । मैले धेरै सम्झाई बुझाई गरे पछि बैंकसंग सम्पर्कमा रही रहने वातावरण बनाए । मंसिर महिनाको किस्ता पनि समूहबाट नै असूल गरियो । तर रमनजीको आम्दानीको कुनै उपाय देखिएन । हामीसंगै बसेर छलफल गऱ्यौ । रमनजीले बिदेश जाने आफ्नो निर्णय सुनाउनु भयो । मैले उहाँको निर्णयमा समर्थन जनाउन बाध्य भए । अब उहाँलाई बिदेश जानको लागि पैसा चाहिने भयो ।

रमनजी बिदेश जाने तथा बैंकको कर्जा चुक्ता गर्न पैसाको बन्दोवस्त गर्नतिर जोडतोडले लाग्नु भयो । केहि दिनको प्रयास पछि उहाँले नजिक कै छिमेकीबाट विदेश जाने पैसा र बैंकको कर्जा चुक्ता गर्ने पैसा जुटाउन सफल हुनु भयो । यसरी ३ महिनाको अनवरत प्रयास पछि मैले खराव अवस्थामा पुग्न लागेका ऋणीको कर्जा असूली गर्नसफल भए र उहाँ विदेश जान पनि सफल हुनु भयो । कमाई राम्रै रहेछ । कर्जा र व्यवसाय बिग्रेको कारणले मैले समाधानको बाटो नदेखी भाग्दै हिड्ने गरेको थिए । हाम्रो सामुहिक छलफलको कारणले म आज आफ्नै कमाईबाट अब लिएको कर्जा नियमित तिर्न सक्ने भए भन्दै उहाँ म प्रति खुशी हुनुहुन्छ । निकिताजी समुहमा नै हुनुहुन्छ । वास्तवमा लघुवित्त क्षेत्रमा १० वर्षको अनुभव अवधिमा यस प्रकारको मेरो पहिलो घटना हो । मलाई यस घटनाले महत्वपूर्ण सन्देश दिएको छ । कार्यालयमा कुनै समस्या आएमा अन्य प्रगति गर्न तथा मातहातका कर्मचारीहरूलाई प्रभावकारी रूपमा परिचालन गर्न सकिने रहेनछ । किनकी मैले यस बीचमा मासिक मुस्किलले १०-१२ वटा मात्र केन्द्र वैठक निरिक्षण गर्न सके । कार्यालयका अन्य कर्मचारी साथीहरूलाई हौसला र उत्प्रेरणा गर्ने काम एक दिन पनि गर्न सकिन किनभने मेरो ध्यान समस्या समाधान तर्फ मात्र केन्द्रीत रह्यो । निष्कर्षमा एक जना मात्र खराव ऋणीले शाखाको प्रगतिमा प्रत्यक्ष प्रभाव पार्दो रहेछ । यदि गणितिय हिसाबमा प्रगति भए पनि कार्यक्रमको गुणस्तरमा चाहिँ पक्कै प्रभाव पार्दो रहेछ । त्यसकारण कार्यक्रममा गुणस्तरलाई पहिलो प्राथमिकतामा राख्नु पर्दछ । कुनै समस्याको संकेत देखा परेमा यथार्थ कारण पत्ता लगाउने कोशिस गर्नु पर्दछ । तत्कालको मात्र समाधान हेरियो भने त्यसले भविष्यमा झन् ठूलो समस्या ल्याउन सक्दछ र हरेस नखाई निरन्तर प्रयास गरेमा सफलता अवश्य हात लाग्दो रहेछ ।

(निज सदस्यको लगानी मिति, नामथर परिवर्तन गरिएको छ ।)

इकाई प्रमुख
इकाई कार्यालय, अर्घौं, कास्की

# जय मुक्तिनाथ



✍ रिना दरै

हिमचुलीको हिमशिखर झै चुलिरहनु ।
नदी झै कलकल गरी बगीरहनु ॥

आकाशका तारा सरी चम्कीरहनु ।
आफ्ना शाखा देश भरी खोलीरहनु ॥

हरियो दुवो मौलाएझैं मौलाईरहनु ।
पचहत्तरै जिल्लामा फैलिरहनु ॥

अब मैले स्वागत गरे मुक्तिनाथको नाउँमा ।
मुक्तिनाथ लघुवित्त पुग्यो गाउँ गाउँमा ॥

मुक्तिनाथ लघुवित्त आयो गाउँघर ।
धनी गरिब भन्दैन सबैलाई बराबर ॥

मुक्तिनाथ लघुवित्त गरिबीको नाउँमा ।
मुक्तिनाथका कर्मचारी पुग्छन गाउँ गाउँमा ॥

भन्न लाग्छन् कर्मचारी सबैलाई जम्मा गरी ।
बिशेष गरी महिलालाई नै बढी लक्षित गरी ॥

हामीले पनि बचत गऱ्यौ स्वावलम्बी बनी ।
मुक्तिनाथ लघुवित्त आफ्नै रैछ भनी ॥

मुक्तिनाथको उद्देश्य हो, गाउँमा पनि सेवा पुऱ्याऊँ ।
अर्थतन्त्र बलियो बनाई महिला मुक्ति दिलाऊँ ॥

सर्वसुलभ तरीकाले कर्जा दिलाउँछ ।
उद्यमी र परिश्रमी बन्न सिकाउँछ ॥

धेरै कर्जा चाहियो भने धितो चाहिन्छ ।
मुक्तिनाथमा गएपछि कर्जा पाईन्छ ॥

बिना धितो डेढ लाख सम्म कर्जा पाईन्छ ।
किस्ता बन्दी गरेर तिर्न पाईन्छ ॥

यति भन्दै बन्द गरे मैले मनको बात ।
धेरै धेरै धन्यबाद जय मुक्तिनाथ ॥

केन्द्र नं. १९४९
नैखु मुक्तिनाथ महिला विकास केन्द्र
फेदिखोला-३, स्याङ्गजा

# लघुवित्त कार्यक्रममा तालिमको महत्व



✍ शर्मिला लम्साल

**"भनिन्छ तालिमले मानिसको व्यवहारमा सकारात्मक परिवर्तन ल्याउँछ ।"** तालिम यस्तो माध्यम हो जसले मानवको चेतनाको आँखा खोल्छ । जब मानिसले आफ्नो ब्यक्तिगत अधिकारको साथै आफ्नो जिम्मेवारी र दायित्वबोध गर्छ तब उसले आफूमा भएको कमी कमजोरीको लेखाजोखा गर्दछ । आफूमा भएको कमी कमजोरीहरूलाई कम गर्दै प्रगति र सफलतातर्फ उम्मुख हुन पढेर, अभ्यास गरेर, अनुकरण गरेर, छलफल गरेर अगाडि बढ्न कोशिस गर्दछ । तर आफ्नो स्वयंको प्रयासबाट संभव नहुने भएमा मानिसलाई वाह्य ज्ञानको आवश्यकता पर्दछ जुन प्रदान गर्ने एक माध्यम तालिम हो । तालिमले ज्ञान बढाउँछ । त्यो ज्ञानलाई व्यवहारमा ल्याएमा सीप बढ्दछ र ज्ञान र सीपको उच्चतम उपयोग गरी रहेमा ब्यवहारमा सकारात्मक परिवर्तन देखिन्छ । तालिमले ब्यक्तिलाई दैनिक कार्य सञ्चालन गर्न, संस्थागत दिगोपना हासिल गर्न, उत्पादकत्व बृद्धि गर्न र आफूले लिएको लक्ष्य तथा उद्देश्य प्राप्ति गर्नको लागि सहयोग गर्दछ । तालिम व्यक्ति, ठाउँ र विषय अनुसार फरक फरक रूपमा सञ्चालन गर्नु पर्ने हुन्छ । व्यक्तिको वास्तविक आवश्यकता, समस्याको कारणको पहिचान, अपेक्षित उपलब्धी, श्रोत र साधनको उपलब्धता आदिले तालिम कसरी र कहाँ सञ्चालन गर्ने भन्ने कुराको निधो गर्दछ ।



लघुवित्त कार्यक्रममा ग्रामीण तथा शहरी क्षेत्रमा बसोबास गर्ने विपन्न वर्गलाई आर्थिक तथा सामाजिक स्तर माथि उठाउन घरदैलोमै पुगेर सेवा प्रदान गर्ने गरिन्छ । त्यति मात्र नभएर वित्तीय कारोबार बारे जनचेतना जगाउने, लघुबचत, लघुकर्जा, लघुबीमा, रेमिटान्स सेवाको उपयोग र आफ्नै आम्दानीबाट प्राप्त रकमलाई उत्पादनमूलक ब्यवसायमा लगानी गर्ने र आर्थिक रूपमा आत्मनिर्भर बनाउन उत्प्रेरणा र उपायहरू बताउँछ । यसका अतिरिक्त ग्राहक सदस्यहरूलाई सक्रिय, ईमान्दार र उद्यमशील बन्न प्रेरीत गर्नु, सामाजिक तथा वातावरणीय प्रभावको बारेमा जनचेतना बृद्धि गर्नु, नेतृत्व क्षमता विकास गराउनु लघुवित्त कार्यक्रमका विशेषता हुन् ।

मुक्तिनाथ विकास बैंकले "जनता बैंकमा होईन, बैंक जनतामा जानु पर्छ ।" भन्ने मूल मर्मलाई आत्मसाथ गरी बैंकिङ्ग सेवा पहुँच नपुगेका ग्रामीण तथा विपन्न बस्तीहरूमा वित्तीय कारोबार सञ्चालन गरिरहेको छ । सुविधायुक्त स्थान होस् वा दुर्गम ग्रामीण भेगमा वित्तीय कारोवारलाई प्रभावकारी रूपमा सञ्चालन गर्न बैंकमा कार्यरत कर्मचारीको नियमित क्षमता बृद्धिको लागि तालिमको आवश्यकता पर्दछ भने बैंकका सेवाग्राही ग्राहक सदस्यहरूको पनि सीप अभिबृद्धि हुनु त्यत्तिकै जरूरी छ । कर्मचारीले सेवा प्रदान गर्नु पूर्व, सेवा प्रदान गर्दा र सेवा प्रदान पश्चात गर्नु पर्ने कार्यहरू बारेमा दक्ष हुनु पर्दछ भने सदस्यहरूले सेवा लिनुपूर्व, सेवा लिंदा र सेवा लिए पश्चात के के कुरामा ध्यान दिनु पर्दछ भन्ने बारेमा जानकार हुनु पर्दछ । तसर्थ तालिम तथा गोष्ठी जस्ता कार्यक्रमले ज्ञान, सीप र क्षमता बृद्धिमा ठूलो भूमिका खेलेको हुन्छ । तालिम एक निरन्तर प्रकृया हो । संसारमा भएका नयाँ नयाँ प्रयोग र प्रविधिसंगै आफूले गरी रहेको तवर तरिकामा नयाँपन ल्याउन र प्रतिफल बढाउन पनि तालिम आवश्यक पर्दछ ।

बैंकले लघुवित्तका ग्राहक सदस्यलाई समूहमा आवद्ध हुनुपूर्व अनिवार्य रूपमा सात दिन सम्मको समूह प्रवेश पूर्व तालिम सञ्चालन गरी लघुवित्त कार्यक्रमबाट प्राप्तहुने सेवाहरू, जोखीम न्यूनिकरण, वातावरण, स्वास्थ्य र शिक्षा जस्ता विविध विषयहरूको बारेमा जानकारी गराउँदछ । सदस्यहरूले बैंकको नीति नियम तथा सेवा सुविधा बारे छलफल गर्ने, भनाईहरू राख्ने, आफ्नो ईलम र ब्यवसायको बारेमा समूहमा जानकारी गराउने गर्दछन् । समुहमा गएर आफ्ना कुरा ब्यक्त गर्न सक्नु भनेको आत्मविश्वास बढाउनु हो । यसरी आबद्ध भईसकेका सदस्यहरूलाई भईरहेको ब्यवसायलाई बढी प्रतिफलमूखी बनाउन वा नयाँ ब्यवसाय प्रवर्द्धन गर्न ग्राहकको माग बमोजिम विभिन्न प्रकारका तालिमहरू सञ्चालन गर्दै आईरहेको छ ।

**"दक्ष कर्मचारी बैंकको गहना रूपी सम्पत्ती हुन् ।"** ती दक्ष कर्मचारीले संस्थाको शोभा बढाउने मात्र नभई संस्थालाई अन्य सामान्य कर्मचारीले भन्दा बढी प्रतिफल दिई रहेका हुन्छन् । बैंकले बढी भन्दा बढी दक्ष कर्मचारी उत्पादन गरी दिगो तथा गुणस्तरीय सेवा प्रदान गर्ने, बैंकले लिएको वित्तीय र सामाजिक लक्ष्य प्राप्ती गर्ने एवं ग्राहकलाई संरक्षण गर्दै उन्नती तर्फ डोर्याउने उद्देश्यले कर्मचारीलाई पनि बेला बेलामा कार्यसंग सम्बन्धीत विभिन्न प्रकारका क्षमता विकास गर्ने तालिम तथा गोष्ठीमा सहभागी गराउदै आएको छ ।

बैंकले ग्राहक सदस्यहरूलाई विशेष गरी सीपमूलक तालिम र कर्मचारीहरूका लागि क्षमता अभिबृद्धि गर्ने खालका तालिम सञ्चालन गरेको छ । तालिममा सहभागी भएका कतिपय ग्राहक सदस्यहरूले सोही ब्यवसायलाई बृद्धि गरी सफल उद्यमी ब्यवसायी बनेका छन् । साथै कर्मचारीहरूमा पनि तालिम पश्चात कार्य गर्ने

शैलीमा परिवर्तन ल्याई उलेख्य सकारात्मक परिवर्तन गर्न सफल भएको पाईएको छ। तालिमलाई कतिपयले तालिमको रूपमा मात्र सिमीत गरेको देखिन्छ। तालिमबाट सिकेका उपलब्धीलाई व्यवहारमा प्रयोग नगर्ने वा वास्ता नगर्ने गरेको भेटिन्छ। यसो हुनुमा सहभागीको आवश्यकता अनुसारको तालिम नहुनु, विषयबस्तु ग्रहण गर्ने दक्षता



नहुनु, आफूसंग भएको ज्ञान, सीप, धारणा उजागर गर्ने तर्फ चासो नदिएको पनि हुन सक्छ। तालिम लिने र दिने मात्र भयो भने यसको कुनै अर्थ रहदैन। साधन, श्रोत र समयको मात्र बर्वाद हुन्छ भने अर्को तर्फ वास्तविक रूपमा तालिमको आवश्यकता भएको व्यक्ति सो तालिमबाट बञ्चित भई रहेको हुन्छ। तालिममा सहभागीको छनोट गर्नुपूर्व उनीहरूको आवश्यकता, समस्या र प्रतिवद्धतालाई ख्याल गरियो भने तालिम अझै प्रभावकारी हुन सक्छ। तसर्थ तालिममा सहभागी हुनुपूर्व आफ्नो लागि त्यो तालिम आवश्यक हो कि होईन, तालिमबाट सिकेका ज्ञान र सीपलाई व्यवहारमा उतार्न सकिन्छ कि सकिदैन, आफू जस्तै अन्यलाई ज्ञान र सीप बाँड्न सकिन्छ कि सकिदैन तथा व्यवहारिक रूपमा प्रयोगमा ल्याई प्रगति गरेर देखाउने योजना वा प्रतिवद्धता छ कि छैन भनी विश्लेषण गरेर मात्र सहभागी भएमा लिएको तालिमको सार्थकता रहने छ।

तालिम इकाई प्रमुख
लघुवित्त विभाग, पृथ्वीचोक

## नारी म सृजना



✍ सरिता ढकाल

नारी हुँ म सृष्टिको एक अमुल्य रचना।
म भित्र छन् हजारौ थरी थरी सृजना॥
म फुल्दछु रहर कुन्जमा।
म ल्याँउदछु लाली रश्मी पुन्जमा॥

म उदाँउदछु चाँद बनी निलो आकाशमा।
मेरो प्रवाह बगेर पुग्दछ बिशाल सागरमा॥
म सक्दछु पासाङ बनेर सगरमाथा छुन।
म सक्दछु नाइटिङ्गल बनी सेवा भावमा डुब्न॥

आमा हुँ देशकै नयाँ युग जन्माउने।
आफ्नो छाति चुसाई कर्णधार हुर्काउने॥
दिदी हुँ मखमलि माला गाँस्नलाई।
आशिषहरू बटुली भाई सदा बाँध्नलाई॥

छैन मलाई नारीको जन्ममा दुःख।
म भाग्यमा होईन कर्ममा गर्दछु विश्वास॥
नारी हुँ म सृष्टिको एक अमुल्य रचना।
म भित्र छन् हजारौ थरी थरी सृजना॥

इकाई प्रमुख
इकाई कार्यालय
छोरेपाटन, कास्की

## लघुवित्तकर्मी बीच समन्वयात्मक बैठक सम्पन्न

मिति २०७० साल चैत्र १९ गते मुक्तिनाथ विकास बैंक लघुवित्त डेस्क कार्यालय चिप्लेडुङ्गा, कास्कीको पहलमा पोखरा क्षेत्रमा लघुवित्त कारोबार गर्ने संस्थाहरू बीच साख सूचना आदान-प्रदान गर्ने र लघुवित्त कार्यक्रममा आईपरेका समस्या तथा चुनौतिहरूको समाधानका उपायहरूको बारेमा छलफल गर्ने गरी पहिलो समन्वयात्मक बैठक सम्पन्न भएको छ।

बैठकमा सिटी डेभलपमेन्ट बैंक लि., सांग्रीला डेभलपमेन्ट बैंक लि., कास्की फाईनान्स लि., कालिका माइक्रोक्रेडिट डेभलपमेण्ट बैंक लि., नेष्डो नेपाल, निर्धन उत्थान बैंक लि.का प्रतिनिधिहरू गरी जम्मा १० जनाको सहभागीता रहेको थियो।

बैठकले साख सूचना इमेल मार्फत लिने दिने, साख सूचनाको नमूनामा एकरूपता गर्ने, ग्राहक सदस्यलाई अधिक ऋणको ग्रस्तताबाट जोगाउने जस्ता विषयमा छलफल गरी निर्णय गरिएको थियो।

# लघुवित्त कार्यक्रमबाट उपलब्ध हुने सेवा सुविधा

## १. कर्जा सेवाहरू :

| क्र. सं. | कर्जाको प्रकार | व्याज दर % | अवधि | अधिकतम कर्जा सीमा (रू.) | सेवा शुल्क % |
|---|---|---|---|---|---|
| १ | साधारण कर्जा | २० | १ देखि २ वर्ष | १,५०,०००/- | १ |
| २ | विशिष्ट सदस्य विशेष कर्जा | २० | १ देखि २ वर्ष | १,५०,०००/- | २ |
| ३ | ब्यवसायिक कर्जा | २० | १ देखि २ वर्ष | १,५०,०००/- | २ |
| ४ | उर्जा कर्जा | १६ | ३ वर्ष | १,५०,०००/- | २ |
| ५ | आकस्मिक कर्जा | २० | १ वर्ष | १५,०००/- | १ |
| ६ | लघुउद्यम कर्जा | १६ | १ देखि ५ वर्ष | ४,००,०००/- | २ |
| ७ | घर घडेरी कर्जा | १६ | १ देखि ५ वर्ष | ४,००,०००/- | २ |
| ८ | वैदेशिक रोजगार कर्जा | १६ | १ देखि ५ वर्ष | १,५०,०००/- | २ |
| ९ | दुग्ध ब्यवसाय प्रबर्द्धन कर्जा | २० | १ देखि २ वर्ष | १,५०,०००/- | १ |

नियमित ब्याज बुझाई कर्जा चुक्ता गरेमा बुझाएको कुल ब्याज रकमको ५ प्रतिशत ब्याज छुट प्रदान गरिनेछ ।

## २. बचत सेवाहरू :

| क्र. स. | बचतको प्रकार | न्यूनतम मौज्दात | व्याज दर % | कैफियत |
|---|---|---|---|---|
| अनिवार्य बचत | | | | |
| १. | समूह बचत | १००/- | ७ | |
| २. | केन्द्रकोष बचत | साधारण कर्जाको ५% | ७ | मुक्तिनाथ पेन्सन बचत खाता नखोलेमा |
| ३. | उपकार कोष बचत | ५/- | ७ | |
| ऐच्छिक बचत | | | | |
| १. | मुक्तिनाथ पेन्सन बचत# | ५०/- देखि ४००/- | ५ | बीचमा समूह छाडेमा ५% ब्याज पाईन्छ |
| २. | ब्यक्तिगत बचत | १००/- | ७ | |
| ३. | पर्ब बचत | १००/- | ७ | |
| आवधिक बचत | | | | |
| १. | छ महिने | १००/- | ७ | |
| २. | एक वर्षे | १००/- | ७ | |
| ३. | ऐच्छिक | १००/- | ७ | कबोल गरेको अवधि सम्म |
| मुद्दती निक्षेप | | | | |
| क) | ६ महिने | ५,०००/- | ७.५ | मुद्दती रसिद धितो राखी निक्षेपकर्ताले पाउने ब्याज दरमा थप २% ब्याज तिरी मुद्दती खातामा रहेको रकमको ९०% सम्म कर्जा पाईनेछ । |
| ख) | ९ महिने | ५,०००/- | ७.७५ | |
| ग) | एक वर्षे | ५,०००/- | ८ | |
| घ) | दुई वर्षे | ५,०००/- | ८.२५ | |
| ङ) | स्पेशल १ वर्षे | ५०,००,०००/- | ८.५ | |
| च) | संस्थागत मुद्दती | १०,००,०००/- | आपसी छलफलबाट | |

### #मुक्तिनाथ पेन्सन बचतमा प्राप्त हुने सुविधा तालिका

| प्रति महिना बचत गर्नुपर्ने दर | १० बर्षे योजना | | १५ बर्षे योजना | |
|---|---|---|---|---|
| | बचतकर्ताले जम्मा गर्ने कुल रकम रु. | प्राप्त हुने एकमुष्ठ सुबिधा रकम रु. | बचतकर्ताले जम्मा गर्ने कुल रकम रु. | प्राप्त हुने एकमुष्ठ सुबिधा रकम रु. |
| रू. ५०/- | ६,०००/– | ९,०००/– | ९,०००/– | १८,०००/– |
| रू.१००/- | १२,०००/– | १८,०००/– | १८,०००/– | ३६,०००/– |
| रू.१५०/- | १८,०००/– | २७,०००/– | २७,०००/– | ५४,०००/– |
| रू.२००/- | २४,०००/– | ३६,०००/– | ३६,०००/– | ७२,०००/– |
| रू.४००/- | ४८,०००/– | ७२,०००/– | ७२,०००/– | १,४४,०००/– |

## ३. सामाजिक सुरक्षा सेवा :

सदस्यहरुको विपत्तीमा थोरै भएपनि राहत प्रदान गर्न बैंकले तपशिल बमोजिमका सामाजिक सुरक्षा सेवाहरुको ब्यवस्था गरेकोछ ।

| क्र.स. | सामाजिक सेवा राहत शिर्षक | राहत रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | कर्जा लिएको सदस्यको मृत्यु भएमा | बाँकी कर्जा रकम मिन्हा | |
| २ | सुत्केरी खर्च (पहिलो २ सन्तानसम्मको लागि मात्र) | रू.१,०००/- | एकपटक कर्जा लिएको हुनुपर्ने |
| ३ | सदस्यका पतिको मृत्यु भएमा | रू.१,५००/- | |
| ४ | बाढी पहिरो (जनधनको क्षति भएमा) | रू.२,०००/- देखि रू.५,०००/- सम्म | |
| ५ | आगलागी (जनधनको क्षति भएमा) | रू.२,०००/- देखि रू.५,०००/- सम्म | |
| ६ | चट्याङ्ग (जनधनको क्षति भएमा) | रू.२,०००/- | |

## ४. रेमिट्यान्स सेवा :

स्वदेश तथा विदेशबाट आफन्तहरुले विभिन्न रेमिट्यान्स कम्पनीहरुबाट पठाएको रकम प्राप्त गर्न आन्तरिक तथा बाह्य रेमिट्यान्स सेवा प्रदान गरिएको छ ।

प्रमुख सल्लाहकार : श्री भरतराज ढकाल | सल्लाहकार : श्री तिल बहादुर गुरुङ्ग
प्रमुख सम्पादक : श्री गोविन्द बहादुर राउत | सम्पादक/संकलक : श्री शर्मिला लम्साल